# मधुवन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : **४** संख्या : **५** प्रमाणिकरण मिति : २०७७/११/२३

पहिलो संशोधन मिति : २०७९/०९/०९

प्रकाशन मिति : २०७९/०९/१०


## भाग - १

मधुवन नगरपालिका

<u>मधुवन नगर शिक्षा ऐन - २०७७</u>

## <u>मधुवन नगर शिक्षा पहिलो संशोधन विधेयक, २०७९</u>

१ प्रस्तावनाःमधुवन नगरपालिकाको शिक्षा सम्बन्धी ऐन मधुवन नगर शिक्षा ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनिय भएकाले,

नेपालको संविधानको धारा २२१ को उपधारा (१) बमोजिम मधुवन नगरपालिकाको नगरसभाले यो मधुवन शिक्षा पहिलो संशोधन ऐन बनाई लागु गरेको छ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम मधुवन नगर शिक्षा (पहिलो संशोधन) ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

२ मधुवन शिक्षा ऐन, २०७७ (यसपछि मूल ऐन भनिने) मा देहाय बमोजिम संशोधन गरिएको छः

i. दफा १७ को उपदफा (१)को (क) मा नगरप्रमुखको सट्टा प्रमुख प्रशासकिय अधिकृत राखिएको छ ।

ii. मूल ऐनको दफा २० को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः (५) विद्यालयको विषयगत, कक्षागत र शिक्षक विद्यार्थि अनुपातका आधारमा नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा शिक्षकको सरुवा, पदस्थापन र दरबन्दी मिलान गर्ने ।

३ मूल ऐनको दफा २१ मा देहायबमोजिम शंसोधन गरिएको छः

i. उपदफा (१) को देहाय (क) मा नगरपालिकाको नगरप्रमुख पछाडीको वा ........ भन्ने वाक्यांश झिकिएको छ ।

ii. उपदफा (१) को देहाय (ङ) मा सामुदायिक विद्यालयको ................ अध्यक्ष र प्रधानाध्यापक पछाडी १/१ ................ भन्ने वाक्यांश थपिएको छ ।

iii. उपदफा (१) को देहाय (झ) झिकिएको छ ।

iv. उपदफा (१) को देहाय (ञ) को सट्टा देहायको ब्यवस्था गरिएको छः अवकाश प्राप्त शिक्षकको सट्टा समाजसेवीवा शिक्षाप्रेमी मध्येबाट नगरप्रमुखले मनोनित गरेको १ जना सदस्य ।

v. उपदफा (४) को देहाय (घ) को सट्टा देहायको ब्यवस्था गरिएको छः उपदफा (४) को (घ) पालिकाभित्र रहेका विद्यालयहरुमाविषयगत, कक्षागत र शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यालयको आवश्यकता र प्राथमिकतालाई मध्यनजर गरी सँघीय सरकार, प्रदेश सरकार र स्थानिय सरकारबाट प्राप्त शिक्षक, कर्मचारी दरबन्दी तथा अनुदानको वितरण र मिलान गर्न तथा शिक्षकको सरुवा र पदस्थापन गर्न सिफारिस गर्ने ।

४ दफा ४९ को उपदफा (१) देह्यबमोजिम संशोधन गरिएको छः उपदफा (१) सामुदायिक विद्यालयमा ......... विद्यार्थी संख्या न्यूनतम २५ जना हुनुपर्ने छ लाई संशोधन गरी ३० जना राखिएको छ ।

५ मुल ऐनको दफा ७२ को उपदफा (१) देहाय बमोजिम संशोधन गरीएको छः मधुवन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा करारमा ............ शिक्षक तथा कर्मचारी छनौट समितिमा नगर प्रमुख वा निजले तोकेको व्यक्ति अध्यक्षको सट्टा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य अध्यक्ष र नगर प्रमुख वा निजले तोकेको व्यक्ति सदस्य रहने वाक्यांश राखिएको छ ।

६ मूल ऐनको दफा ७४ को उपदफा (१) देहाय बमोजिम संशोधन गरिएको छः मधुवन नगरपालिका भित्र.. .. .. .. शिक्षा समितिको स्विकृतिमा नगर शिक्षा शाखा प्रमुखले भनिएकोमा सोको सट्टा नगरकार्यापालिकाकोनिर्णय बमोजिम नगरपालिकालेभन्ने वाक्यांश राखिएको छ ।

७ मूल ऐनको दफा ७४ को उपदफा (३) झिकिएको छ ।

८ मूल ऐनको दफा ७४ को उपदफा (५) को (ख) पछाडी देहायको बुँदाहरु थपगरिएको छः (ग)सरुवा हुन चाहने शिक्षकले सरुवाको लागि लिखित निवेदन दिएमा ।(घ)विद्यलयको शैक्षिक नतिजा लगातार २ वर्षसम्म सन्तोषजनक नभएमा वा शिक्षकको कार्य क्षमता अभाव भएमा।(ङ)शिक्षक कर्मचारिले पालना गर्नु पर्ने आचरणको पालना नगरेमा वा सँघ, प्रदेश र स्थानिय सरकारबाट प्राप्त निर्देशनको पालना नगरेमा ।

९ मूल ऐनको दफा ७४ को उपदफा (११) उपदफा (२) र (३) मा ........ शिक्षा शाखाप्रमुखले भन्ने वाक्यांश झिकिएको छ र नगर शिक्षा समितिको सिफारिस पछाडीसमेतका आधारमा नगर कार्यपालिकाको निर्णय अनुसार भन्ने वाक्यांश थपिएको छ ।

१० मूल ऐनको दफा ७६ को उपदफा (२) मा देहायको संशोधन गरिएको छः उपदफा (२) सामुदायिक विद्यालयमा............................ शिक्षा समितिले शिक्षा शाखा प्रमुखको सिफारीसमा भन्ने वाक्यांश झिकि सोको सट्टा नगरपालिकाले भन्ने वाक्यांश राखिएको छ ।

आज्ञाले,

धर्मराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत